थाहा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः २०७५ | संख्याः ०२ | मितिः २०७५/१०/२०

भाग-२

थाहा नगरपालिका

## *"चालुकोष स्थापना तथा बीउपूँजी परिचालन कार्यविधी २०७५ "*

**प्रस्तावनाः**

**नेपालको संविधान ,२०७२ को अनुसुची - ८ मा उल्लेख भएको नगरपालिकाको एकल अधिकार सुचीमा उल्लेख भएको तथा स्थानिय सरकार सञ्चालन ऐन ,२०७४ को दफा ११ को उपदफा (२) को (च) बुँदा तथा थाहा नगरपालिकाको प्रशासकिय कार्यविधि (नियमन गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम यस कार्यविधी निर्माण गरिएको छ ।**

**उद्धेश्य :**

**व्यवसायिकहरुका सशक्तिकरणका निम्ति थाहा नगरपालिकाद्धारा प्रवर्द्धन गरिएका विभिन्न लक्षित समुहहरुको सामाजिक सुरक्षा तथा गरिवी निवारण गर्नका लागि सामूदायिक समूह/समिति/संस्थामा संगठित रहेका सदस्यहरुलाई आय आर्जन क्रियाकलापका निम्ति स्रोतका रुपमा आवश्यक पर्ने कर्जा मागलाई टेवा पुऱ्याई विभिन्न शिर्षकमा उत्पादन गर्नका लागि चालुकोष स्थापना गरी बीउपूँजीलाई सुव्यवस्थित नियमित र प्रभावकारी ढंगबाट परिचालन गर्ने ।**

१.संक्षिप्त नाम र प्रारम्भ :

क) यस परिचालन विधिको नाम "चालुकोष स्थापना तथा बीउपूँजी परिचालन कार्यविधि २०७५" हुनेछ ।

ख) यो बीउपूँजी परिचालन विधि थाहा नगरकार्यपालिकावाट स्वीकृत भएको मितिबाट लागूहुनेछ ।

२.परिभाषा :

क) कार्यविधी भन्नाले "विषय वा प्रसंगले अर्को अर्थ नलागेमा चालुकोष स्थापना बीउपूँजी परिचालन कार्यविधी २०७५ हुनेछ । "

ख) सामूदायिक समूह/समिति/संस्था भन्नाले थाहा नगरपालिकामा दर्ता वा सुचिकृत भई क्रियाशिल सामूदायिक समूह/समिति/संस्था लाई बुझाउछ ।

स्थानीय राजपत्र

ग) कोष संचालन समिति भन्नाले वुदाँ नं ६ बमोजिम गठन हुने समिति लाई सम्झनु पर्दछ ।
घ) चालुकोष अनुदान भन्नाले थाहा नगरपालिका कार्यालयमा दर्ता भएको सामूदायिक समूह/समिति/संस्था ले कार्यविधीले तोकेको प्रक्रिया पुरा गरि सम्बन्धीत वडा कार्यालयको सिफारीसमा कोष संचालन समितिको निर्णयका आधारमा प्राप्त हुने अनुदान रकम लाई बुझाउछ ।

**३.कोषको स्थापना:**

क) थाहा नगरपालिका अन्तर्गतका स्थानीयस्तरका निम्नि आय भएका समूह/समिति/संस्थामा आवद्ध सदस्यहरुमा परिचालन गरिने गरि समूह/समिति/संस्थालाई प्रदान गर्ने गरि एक चालुकोष खडा गरिनेछ ।
ख) यस कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ ।
१) नगरपालिका वाट विनियोजन हुने कोषको रकम,
२) चालुकोष परिचालन मार्फत प्राप्त हुने साँवा तथा व्याजको रकम,
३) कोष परिचालनका लागि संघ ,प्रदेश तथा अन्य निकायवाट प्राप्त हुने अनुदान रकम,
४) कोष परिचालनका लागि संघ संस्था वाट प्राप्त हुने रकम ।

**४.चालुकोष परिचालन संझौता अवधि र नविकरण व्यवस्था:**

क) कार्यालयले संझौता गरी समूह/समिति/संस्थालाई बीउपूँजी प्रदान गर्दा सुरुमा १ (एक) वर्षको अवधि कायम गरिनेछ ।
ख)कार्यालयलाई अनिवार्य रुपमा वार्षिक व्याज २ प्रतिशतले बुझाउनु पर्नेछ ।
ग) चालुकोष परिचालनको लागि छनौट भएको समूह/समिति/संस्थाले बढिमा ५ प्रतिशत भन्दा बढिमा सहुलियतमा प्राप्त बिउपुजी सेवाग्राहीलाई व्याजमा चालुकोष परिचालन गर्न पाउने छैन ।
घ) कार्यालयले अनुगमन गर्दा व्यवसायिले कार्यविधीको अधिनमा रही कार्य गर्नुपर्दछ ।

**५.चालुकोष रकम अन्य प्रयोगमा खर्च गर्न नपाइने :** समूह/समिति/संस्थाले लिएको बीउपूँजी जुन उद्देश्यको लागि लिइएको सोही उद्देश्य बाहेक अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन ।

**६.कोष संचालन समितिको गठन:**

क) चालुकोष परिचालन समूह/समिति/संस्थाको संस्थागत जमानीमा मात्र प्रदान गरिनेछ । सो रकम संस्थालाई सम्झौता पश्चात एकमुष्ठ प्रदान गरिनेछ ।
ख) चालुकोष लगानी व्यवस्थापनको लागि कोष संचालनको देहाय बमोजिमको कोष संचालन समिति रहनेछ ।
१.संयोजक : थाहा नगरपालिकाको मेयर
२.सदस्य : प्रमुख प्रशासकीय अधिकृत
३.सदस्य : सामाजिक विकास समिति संयोजक
४.सदस्य : लेखा शाखा प्रमुख
५.सदस्य : सामाजिक विकास शाखा प्रमुख
६. सदस्य सचिव : महिला तथा वालवालिका शाखा प्रमुख

**७.समितिको बैठक:**

क)मासिक रुपमा बैठक बस्नु पर्दछ ।
ख)आवश्यकता अनुसार र अन्य समयमा पनि बैठक बस्न सक्नेछ ।

**८.कोष खाता संचालन विधि:**

नगरपालिका खाता संचालन गर्ने प्रक्रिया अनुसार कोष संचालन हुनेछ ।

**९.संम्झौता अवधी तथा सम्झौता पत्र:** सम्झौताको अवधि एक आर्थिक वर्षको हुनेछ । चालुकोष परिचालन गर्ने सस्थाले प्रत्येक असार १० भित्र नियमानुसार चालुकोषको साँवा र व्याज समेत फिर्ता गर्नुपर्ने छ । सम्झौताको ढाँचा अनुसुचीमा तोकिए बमोजिम हुनेछ ।

**१०. अनुगमण, मुल्याङ्कण तथा सिफारीस :** १)नगरपालिकामा गठन भएको प्रत्येक बजार व्यवस्थापन समितिको काम तथा क्रियाशिलताको अनुगमन,मुल्याङ्कण तथा सिफारीस गर्न एक समितिको गठन गरिनेछ ।

स्थानीय राजपत्र

२) उपदफा १ बमोजिमको कामका लागि देहाय बमोजिमको समिति गठन गरिनेछ ।
संयोजक – प्रमुख प्रशासकिय अधिकृत
सदस्य – योजना अनुगमन तथा प्रशासकिय अधिकृत
सदस्य सचिव – सामाजिक विकास शाखा प्रमुख
३) चालुकोष सञ्चालन समितिले कोष परिचालन भएको क्षेत्रको अनुगमन गर्ने छ र अनुगमन खर्च तथा भत्ता नगरपालिकाको नियमानुसार हुनेछ ।

**११.मापदण्ड तथा निर्देशिका सम्बन्धि व्यवस्था : १) यस कार्यविधि बमोजिम शाखालाई वातावरण तथा फोहर व्यवस्थापनसँग सम्बन्धित आवश्यक विविध निर्देशिका तथा मापदण्ड बनाउने अधिकार सामाजिक विकास समितिलाई हुनेछ ।**

**१२. खारेजी र बचाउ : १) यस कार्यविधिको कुनै दफा र उपदफा निलम्वन,खारेजी वा शंसोधन गर्ने अधिकार नगरकार्यपालिका लाई हुनेछ ।**

१३. अनुसुचीहरु :
अनुसुची १ : कोष रकम उपलव्ध गराईपाँउ भन्ने निवेदनको ढाँचा ।
अनुसुची २ : सम्झौता पत्रको ढाँचा
अनुसुची ३ : पुजी लगानीका क्षेत्रहरु

## अनुसुची १ : कोष रकम उपलव्ध गराईपाउ भन्ने निवेदनको ढाँचा ।

श्री.........................

विषयः विउपूँजी /चालुकोष उपलब्ध गराइपाउ भन्ने सम्बन्धमा ।

यस कार्यालयको बीउपूँजी परिचालन नीतिको पूर्णतः पालना गर्दै शर्तमा ...................ले व्यवसाय/परियोजना संचालन गर्नका लागि रु............. (अक्षरेपी..................)..........अवधिको लागि उपलब्ध गराइ दिनुहुन विनम्र अनुरोध छ ।

नामः
ठेगानाः
संस्थाको नामः
दस्तखत

## अनुसुची २ : सम्झौता पत्रको ढाँचा

आज मिति / / / मा कार्यालय...............(संस्था) बीच तल उल्लेखित सर्तका परिधिभित्र रही बीउपूँजी रु.......परिचालन गर्न हस्ताक्षर गरी संझौता गरेका छौ र यसमा कुनै फरकपर्ने छैन संझौताका शर्त तथा गरिवी न्यूनीकरणका परिचालनका शर्तहरु भित्र रही चालुकोष संचालन नभएमा प्रचलित नगरपालिकाको नियम बमोजिम सहुँला बुझाउला ।
शर्तहरु
क) यो संझौता .........वर्षका लागि लागू गर्नमा हामी दुवै पक्ष सहमत छौ । तर समूह/समिति/संस्थाले संचालन सम्वन्धी शर्तहरु उलंघन गरेमा कार्यालयले बीचैमा संझौता भंग गरी बीउपूँजी रकम लिन सक्नेछ ।
ख)बीउपूँजी संचालन विधि तथा अनुगमन तरिकाबाट पाउनु पर्ने प्रतिफल प्रभावकारी तथा शर्त बमोजिम देखिएमा कार्यालयले पुनः......वर्षका लागि संझौता नविकरण गर्न सक्नेछ ।

स्थानीय राजपत्र

ग)सम्झौतामा उल्लेख भएको बीउपूँजी रकमको वार्षिक ......प्रतिशत व्याज प्रत्येक वर्षको असार मसान्तमा कार्यालयलाई व्याज बुझाउनु पर्नेछ ।
ग)बीउपूँजी परिचालन गर्दा बैंकको व्याजदर भन्दा घटी नहुने गरी व्याजदर कायम गर्नु उपयुक्त हुन्छ ।
ङ)सम्झौता बमाजिम बीउपूँजी रकमको सम्पूर्ण जिम्मेवारी समूह/समिति/संस्थाकै हुनेछ ।

| संस्थाको तर्फबाट | कार्यालयको तर्फबाट |
|---|---|
| नाम थर: | नाम थर: |
| ठेगाना: | ठेगाना: |
| दस्तखत: | दस्तखत: |

अनुसुची ३ : पुजी लगानीका क्षेत्रहरु :
१) कृषि कार्य
२) लघु उद्यम
३) साना व्यवसाय सञ्चालन तथा विकास
४) पशु पालन
५) हस्तकला सँग सम्वन्धित काम
६) समितिको निर्णय बमोजिम थपहुने व्यवसाय ।

आज्ञाले,
नाम: हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय राजपत्र